# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०६।०८ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र,जगाती, भक्तपुरका कर्मचारीहरूले नक्कली भारतीय सवारीचालक अनुमतिपत्र मोटो रकम लेनदेन गरी नेपालीकरण गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा यातायात व्यवस्था कार्यालय, जगाती भक्तपुरका शाखा अधिकृत अनोजकुमार घिमिरे, शाखा अधिकृत कोमलराज निरौला र नायव सुब्बा हेम कुमार वस्नेतले सुन्दर अधिकारीद्वारा नक्कली भारतीय सवारीचालक अनुमतिपत्र नेपालीकरणको लागि पेश गरेको निवेदनअनुसार उक्त नक्कली भारतीय सवारीचालक अनुमतिपत्रलाई गलत ढंगले नेपालीकरण गरी गलत लिखत तयार गर्ने कसुर गरेको प्रमाणित हुन आएकोले निजहरु शाखा अधिकृत अनोजकुमार घिमिरे, शाखा अधिकृत कोमलराज निरौला र नायव सुब्बा हेम कुमार वस्नेतलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम सजाय हुन मागदावी लिइएको ।

साथै निज सुन्दर अधिकारीको हकमा सवारीचालक अनुमतिपत्रको नेपालीकरणका लागि नक्कली भारतीय सवारीचालक अनुमतिपत्र र दूतावासको नक्कली सिफारिस पेश गरी निजको नाममा नेपाली सवारीचालक अनुमतिपत्र समेत तयार भएको हुँदा निज सुन्दर अधिकारीले मतियारको कसुर गरेको प्रमाणित हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएअनुसार भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**